# प्रदेश सभा र सभामुख विविध दृष्टिकोण



माननीय राजबहादुर शाही [*]

*देशको बदलिंदो राजनीतिक परिस्थिति, समग्र आर्थिक, सामाजिक रूपान्तरण र वर्तमान नेपालको संविधानमा आधारित संघीय गणतन्त्रात्मक शासन प्रणालीको कार्यान्वियनमा प्रदेश सभाको भूमिकालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?*

नेपाली जनताको लामो समयको संघर्ष र बलिदान पछि जनता आफैले रोजेको र खोजेको संघीय लोकतान्त्रिक शासन प्रणाली स्थापना भएको छ । तुलनात्मकरूपमा अरु व्यवस्थाभन्दा यो व्यवस्थाले आफ्नो जीवनस्तरमा परिवर्तन ल्याउँछ भनेर यो व्यवस्था ल्याइएको हो । जनताको अपेक्षा अनुसार स्थापित शासन प्रणालीलाई प्रयोगमा ल्याउनु सत्ता संचालकहरूको कर्तव्य हो र यस कार्यमा सहयोग पुऱ्याउनु सबै नेपाली जनताको कर्तव्य हो । शासन प्रणाली परिवर्तनसँगै राजनीतिक परिवर्तन त हुन्छ नै आर्थिक प्रणालीमा पनि परिवर्तन हुन्छ । यी सबै प्रक्रिया पश्चात समाज रूपान्तरण हुने हो अर्थात सामाजिक परिवर्तन हुने हो ।

जनताले अपेक्षा गरेको, समय र अवस्थाले मागेको, यूगिन चाहना र राज्यको कार्यभारलाई संविधानमा लिपिबद्ध गरेर सबै तहका सरकार र संस्थाहरूले पुरा गर्ने प्रक्रियामा छन् । यस अन्तर्गत हाम्रो प्रदेश सभाले आफ्ना संवैधानिक दायित्वलाई वहन गर्ने क्रममा शून्य अवस्थाबाट बामे सरेको अवस्था छ । जनताको जनादेश र संवैधानिक दायित्वको निर्वाह गर्ने यस प्रारम्भिक अवस्थामा आधारभूत कामकारवाही र दायित्व पूरा गरिरहेको जस्तो लाग्छ ।

यो अवस्था नेपालको सन्दर्भमा एक अभूतपूर्व ऐतिहासिक अवसर हो । जनताको जीवनमा परिवर्तन ल्याउने यो अवसरलाई हामीले अधिकतम रूपमा उपयोग गर्ने गरी काम गरिरहेका छौं । यो व्यवस्थाप्रति जनताहरूको अपेक्षा र विश्वास बढाउन हामीले हाम्रो बलबुताले भ्याएसम्म लागिपरेका छौं ।

---

[*] सभामुख, कर्णाली प्रदेश सभा

संघीय लोकतान्त्रिक गणतन्त्रको मुख्य कडि भनेकै प्रदेश संरचना र त्यसमा पनि प्रदेश सभा नै हो । प्रदेश सभाले आफुमाथि समय, संविधान र जनताले सुम्पेका जिम्मेवारीहरूलाई कुशलतापूर्वक निर्वाह गर्दा नै यो व्यवस्था प्रभावकारी रूपमा स्थापित हुने हो भन्ने सच्चाईलाई हामीले आत्मसात गरेका छौं । सोही अनुरूप कार्य सम्पादन गर्दै आएका छौं । हालसम्मको काम गर्दाको अनुभवका आधारमा आगामी दिनमा कार्यदक्षता तथा कार्यव्यवहार थप प्रभावकारी हुनेमा विश्वास दिलाउँदै परिवर्तित परिस्थितिमा परिष्कृत भूमिकामार्फत थप योगदान दिन सकिने कुरामा म विश्वस्त छु ।

***कर्णाली प्रदेश सभाको चौथो अधिवेशन समापन भएको अवस्था र यो प्रदेशसभा दिवस मनाउने अवसर जुरेको सन्दर्भमा प्रथम अधिवेशनदेखि चौथो अधिवेशन सम्मका सुखद र चुनौतीपूर्ण अवस्थाहरूलाई कसरी स्मरण गर्नुहुन्छ ?***

आजका मितिसम्म आइपुग्दा हामीले तय गरेको बाटोको केही यात्रा पार गरेका छौं । हाम्रो यात्रा शून्यविन्दुबाट शुरु भएको हो । हामीसँग कुनै संस्थागत अनुभव थिएन । हामी कानून र नीति मार्फत् सबैमा उदाहरणीय भएर जानुपर्ने हुनाले हाम्रो काँधमा धेरै ठुलो जिम्मेवारीहरू थिए । आम कर्णालीबासीहरूको विश्वास, सद्भाव र सहयोग, लोकतान्त्रिक तथा संसदीय क्षेत्रमा लामो समयदेखि कार्यरत सिनियरहरूको सुझाव सल्लाह तथा राष्ट्रसेवकहरूको साथ र सहयोग अनि जनताको पक्षमा अधिकतम उपयोग गर्नुपर्ने आफ्नै मान्यताका कारण यहाँसम्म आइपुगिएको छ ।

हामी यहाँसम्म आइपुग्दा कतिपय सन्दर्भमा संविधानले दिएका प्रारम्भिक जिम्मेवारीलाई कुशलतापूर्वक सौहार्दपूर्ण ढंगले निर्वाह गर्न सकिएको छ । उदाहरणका लागि प्रदेश नामाकरण र राजधानीको टुङ्गो लगाउने जिम्मेवारी प्रदेश सभाकै भएको र हामीले हाम्रो सभाको प्रथम बैठकको प्रारम्भ मै यो जिम्मेवारी पूरा गर्दा सिङ्गो देशभरका सबै प्रदेशहरूमा यसको सकारात्मक प्रभाव परेको कुरा सहजै अनुमान गर्न सकिन्छ । यो कुराले हामीलाई गौरव बोध गराउँछ । आजसम्म आइपुग्दा कानून निर्माण, संसदीय निगरानी लगायत बजेट निर्माण कार्यमा सबै संसदीय शक्तिहरू एकजुट हुने वातावरण निर्माण भएको छ । यो कुराले पनि हामीलाई सकारात्मक उर्जा दिइरहेको छ । कानून निर्माण प्रकृयामा सरोकारवाला तथा जनताहरूको सहभागितालाई प्रोत्साहन गर्ने प्रयास प्रारम्भ गरेका छौं । संसदलाई पारदर्शी बनाउन आफ्नै Website निर्माणदेखि अपडेट गर्ने काम गरिरहेका छौं । Youtube Channel लगायतका Social Media मार्फत पनि प्रदेश सभाका गतिविधिहरू प्रशारण गर्ने कामको थालनी गरिएको छ । प्रत्यक्ष प्रशारणको व्यवस्था गरेका छौं । सबै संसदीय समितिहरूलाई व्यवस्थित गर्दै आफ्नो संवैधानिक दायित्व निर्वाह गर्न प्रोत्साहन गर्ने देखि कानून निर्माण प्रक्रियामा सरोकारवालाहरूलाई सहभागी गराउन हामीले हाम्रै पहलकदमीमा कर्णाली प्रदेशका दश वटै जिल्लाका

जिल्ला समन्वय समितिको कार्यालयमा भिडियो कन्फरेन्स सिस्टम जडान गर्ने कार्य सम्पन्न गरेका छौं। संसदीय दलहरूको व्यवस्थापन देखि मिडिया सेन्टरको पनि व्यवस्थापन गरिसकेका छौं ।

कानून निर्माण प्रक्रिया र संसदीय निगरानी तथा प्रदेश सभाका कामकारवाहीका विषयमा जनस्तरमा जानकारी गराउन जनतासँग सभामुख रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरेका छौं। राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूलाई सम्बोधन गराएर राष्ट्रिय सभासँगको हाम्रो सम्बन्धको महत्व स्थापित गर्ने कार्य लगायतका सकारात्मक प्रयासहरू गरिएको छ ।

हामी व्यक्तिगत तथा संस्थागत दुवै हिसाबले ऐतिहांसिक मात्र हैन अभुतपूर्व ऐतिहांसिक मोडमा छौं । हामी माथि युगीन अपेक्षा तथा अभिभारा छन् । यसो हुँदा थुप्रै ऐतिहांसिक अवसर त छदैंछन् यतिकै संख्यामा चुनौती पनि छन्, यो आफैमा ठुलो चुनौती पनि हो । प्रदेश सभाका सम्पूर्ण अवयवहरूलाई आ-आफ्नो संवैधानिक दायित्वमा खरो उत्रिने गरी काम गर्नु छ । आवश्यकता तथा समय सापेक्ष कानून निर्माण र यसको प्रयोगले मात्र हाम्रा लक्षहरू प्राप्त हुने हुनाले सो कार्यमा प्रत्येक प्रदेशसभा सदस्यहरूलाई गहिरो गरी संलग्न गराउनु र सोका लागि आवश्यक साधन तथा श्रोत सम्पन्न गराउने कुरा नै हाम्रा चुनौती भित्र पर्दछन् ।

यी र यस्ता खालका तमाम चुनौतीहरूको सामना सबैको सकारात्मक सहयोग लिएर गर्न सकिन्छ भन्ने कुरामा हामी विश्वास गर्दछौं । यही मान्यतालाई आत्मसात गर्दै हामी अगाडि बढ्ने छौं।

***प्रदेश सभालाई विजनेश दिने काम प्रदेश सरकारले सदनमा पेश गर्ने विधेयकको संख्यामा निर्भर गर्दछ भनिन्छ । सरकारले पेश गरेका विधेयकहरूको आधारमा सभाको व्यस्ततालाई प्रयास वा अप्रयास कसरी हेर्नुभएको छ ?***

प्रदेश सभालाई विजनेस दिने काम मूलतः सरकारको हो । सरकारले आफ्ना प्राथमिकताका आधारमा पेश गरेका विधेयकहरू माथि छलफल गर्ने र पारित गर्ने काम सभाले गर्ने हो । तर संसद आफैले पनि आफ्ना काम र दायित्वहरू श्रृजना गर्न सक्दछ । संसदीय निगरानीका कामहरू जस्तै सरकारका विकास निर्माणका कामहरूको अनुगमन, प्रत्यायोजन विधायन सम्बन्धी अध्ययन तथा अनुगमन, सरकारी आश्वासनसम्बन्धी कामको अनुगमन लगायत विभिन्न माध्यम (प्रश्नोत्तर, संकल्प, सार्वजनिक महत्वको प्रस्ताव आदि) बाट सरकारका कामकारबाही र गतिविधीहरूलाई अनुगमन तथा निरिक्षण गर्ने र आवश्यक सल्लाह सुझाव एवं निर्देशन दिन सकिन्छ । सरकारलाई जवाफदेही, पारदर्शी र प्रतिवद्ध गराईराख्ने सभाको नियमित कार्य हो । यसको अतिरिक्त गैर सरकारी विधेयक पनि सभाले आफ्नै पहलमा ल्याउन सक्ने भएकोले सरकारको दृष्टिमा नपरेका कल्याणकारी विधेयकहरू ल्याएर सभाले आफ्नो कामको श्रृजना गर्न सक्दछ ।

जहाँसम्म प्रयाप्तताको प्रसंग छ सरकारले आफ्नो आवश्यकता र प्राथमिकताको आधारमा प्रस्तावहरू पठाउने हो । सरकारले विधेयक कम पेश गरेको सन्दर्भमा सभाको विधि निर्माणसम्बन्धी काम मात्र केही कम हुने हो । सभाका अन्य नियमित कामहरू व्यापकरूपमा सम्पादन गरेमा सभालाई कार्यबोझको कमी हुँदैन । सभामा प्राप्त विविध प्रकारका प्रस्तावहरूलाई प्रयाप्त समय दिएर प्रदेश सभाले कार्यसम्पादन गर्दा समयको भरपुर उपयोग गर्न सकिन्छ ।

*मानौं कुनै अधिवेशनमा सरकारको तर्फबाट विधेयक नै आएन भने सभाका अन्य कृयाकलापबाट सदनको अधिवेशनलाई आवश्यक बिजनेश सृजना गर्न सभाले सक्छ की सक्दैन ?*

एकदम सक्छ । मैले अघिल्लो प्रश्नको जवाफमा पनि भनिसकेको छु कि, संसदीय निगरानी लगायतका कामहरू र कानून निर्माणको कामहरू समेत प्रदेश सभाले आफैले गर्न सक्छ । हालसम्मको अनुभव र आवश्यकताका हिसावले प्रदेश सरकारले कामहरू दिएकै छ र आगामी दिनमा यो अवस्था आउने कुराको कल्पना गर्न सकिदैन । सैद्धान्तिक रूपमा भन्नुपर्दा प्रदेश सभा आफैले विजनेस श्रृजना गर्न सक्छ ।

*सभाले सरकारका कामकारवाहीको निगरानी सदन र समिति दुवै तहबाट गर्दछ । समितिहरूले स्थलगत अनुगमनलगायत जिम्मेवार पदाधिकारी र संस्थालाई समितिको बैठकमा आमन्त्रण र सोधपुछ गरी सुझाव तथा निर्देशन जारी गर्छन् । यसै गरी सदनमा सरकारका कामकारवाही बारे शून्य समय, ध्यानाकर्षण, प्रश्नोत्तर, विशेष समय, सार्वजनिक महत्वको प्रस्ताव, संकल्प प्रस्तावको माध्यमबाट सरकारलाई जिम्मेवार तुल्याइन्छ । यहाँले हालसम्म समिति वा सदन कुन माध्यमलाई प्रभावकारी ठान्नु हुन्छ ?*

यसैपनि संसदका सबै अवयवहरू उत्तिकै महत्वपूर्ण हुन्छन् । हरेक अवयवहरूको आ-आफ्नो ठाउँमा महत्वपूर्ण भूमिका हुन्छ । संसदमा सबै संसदीय माध्यमहरूको प्रयोगको उत्तिकै महत्व छ । सबै अवयवहरूले सबै माध्यमहरूलाई प्रभावकारी रूपमा उपयोग गर्दा खेरि नै समग्र संस्थाको आवश्यकता र औचित्यता पुष्टी हुने हो तर पनि सभा भन्दा बढी समिति मार्फत संसदीय निगरानी बढी प्रभावकारी हुन जान्छ किनभने समितिहरू मिनी संसद भएपनि अनौपचारिक रूपमा खुलेर छलफल, विचार विमर्श, प्रश्नोत्तर, सुझाव लिनदिन र खबरदारी गर्न प्रभावकारी हुन्छन् । समितिमा जिम्मेवार पदाधिकारी, हित समूह, सरोकारवाला नागरिक समाजका प्रतिनिधीहरू, विषयविज्ञहरू सबैलाई खुल्लारूपमा आमन्त्रण गरी छलफल गराउन सकिन्छ र प्राप्त सुझावहरू मध्ये समितिले उपर्युक्त ठहराएका सुझावहरू प्रतिवेदनमा समावेश गरी सभामा पेश गर्न सकिन्छ । अनौपचारिक कुराले धेरै औपचारिक कामहरूमा प्रभाव पार्दछ । संसद वा सभा औपचारिक थलो हो र यसमा सभाका सदस्यहरू बाहेक अरुका विचारहरू समितिमा जस्तो प्रत्यक्षरूपमा प्रकट हुन सक्दैन । अतः समितिहरू र समितिका अनौपचारिक प्रयासहरू मार्फत सरकार तथा सरकारी निकायहरूमा

कार्यवाहीहरूलाई प्रभावकारी बनाउन सकिने र मुलभूत कुराहरू औपचारिक रूपमा सभाबाट हुने भएकोले सबै अवयवहरूलाई सक्रिय राखी यसको भरपूर उपयोग गर्नुपर्दछ ।

***हालसम्मको अभ्यासमा संसदीय प्रश्नोत्तर, सार्वजनिक महत्वको प्रस्ताव, संकल्प प्रस्ताव जस्ता विषयहरू सदनको अभ्यासमा आएको देखिदैंन यसको कारण के होला ? मा० सदस्यहरूको रुची नभएको वा उपयुक्त विषय सन्दर्भ नआएको वा अरु के हुन सक्छ ?***

हामीले हाम्रो प्रदेश सभाको कामकारवाहीका मुलभूत विषयहरूमा सभामा रहेका सबै शक्तिहरूको सल्लाह सहमतिमा अघि बढ्ने, कानून तथा योजना निर्माण गरी सबैको सल्लाह र सहमति प्राप्त गर्ने परम्पराको शुरुवात गरेका छौं । कानून तथा योजनाको अन्तिम तयारीको लागि प्रयाप्त रूपमा अग्रिम छलफल गर्ने र सबै सरोकारहरू सम्बोधन गर्ने परम्पराले गर्दा संसदीय कामकारवाही र प्रक्रियाका सबै माध्यमहरू प्रयोगमा नआएका हुन् अर्थात त्यस्तो खास विषय र परिवेश पनि नआएकाले उल्लेखित मध्यमहरू प्रयोगमा नआएका हुन् । अन्यथा अरु सबै माध्यमहरूको अधिकतम उपयोग हाम्रो प्रदेश सभाका सदस्यहरूले गर्ने गर्नुभएको छ र आगामी अधिवेशनमा अन्य माध्यमहरू पनि भरपूर रूपमा उपयोग हुने आशा गर्न सकिन्छ ।

***सभामुखको त्रिकोणात्मक भूमिका रहन्छ । सरकार, प्रतिपक्ष, नागरिक समाजप्रतिको । त्रिपक्षीय सन्तुलित भूमिका सफल निर्वाहिका आधारभूत पक्षहरूलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?***

सभामुख पद संसदीय इतिहासमा मर्यादित पद हो । किन मर्यादित हो भने यो तटस्थ हुन्छ । यो तटस्थता निर्वाह गर्ने कुरा सभामुखको मूल दायित्व हो । संसद वा सभामा जतिपनि पक्षहरू छन्, सभामुख सबै प्रति उत्तिकै सहिष्णु हुनु जरुरी छ । अझ मेरो विचारमा संसदमा प्रतिपक्ष अत्यन्त संवेदनशील पक्ष हो । सत्तापक्षको आफ्नो सत्ता छ । सभामा बहुमत प्राप्त दलको सरकार हुने भएकोले मनोविज्ञानका हिसाबले पनि सत्तापक्ष बलियो नै मानिन्छ । अतः सभाको प्रतिपक्ष मनोविज्ञानका हिसाबले संवेदनशील मानिन्छ । उसको समवेदना र सरोकारलाई सभामुखले राम्रोसँग ख्याल गर्नुको साथै उसका कुरा स्पष्ट सुन्ने र राख्ने यथोचित र सहज वातावरणको सिर्जना गर्नुपर्दछ । यसैले उसको सरोकारको विषयहरूमा सम्बोधन गर्दा प्रकारान्तरले सरकार पक्षलाई नै फाईदा पुग्ने हो। किनभने प्रतिपक्षका विचार नसुनी सत्तापक्षले आफ्नो कमजोरी पत्ता लगाउन सक्दैन । त्यसैले सत्तापक्षको अतिरिक्त प्रतिपक्ष समेतलाई रचनात्मक बनाउन सभामुखको महत्वपूर्ण भूमिका हुन्छ जस्तो लाग्छ । साथै सभालाई नागरिक तहसम्म पुर्‍याई राख्न नागरिक चासो समेतलाई ध्यान दिएर कानून निर्माणदेखि अन्य संसदीय काम कार्यवाहीमा नागरिक समाजको योगदानको पनि सुनिश्चितता गर्नु पर्दछ जस्तो लाग्दछ । अतः एउटा कुशल सभामुखले उल्लेखित सबै पक्षहरू प्रति उत्तिकै आत्मीय रहनुपर्दछ । यस कुराले मात्र सभामुखले सफलरूपले आफ्नो भूमिका निर्वाह गर्न सक्दछ ।

*वर्तमान कर्णाली प्रदेशसभाका चुनौतीहरू के-के हुन् र कसरी समाधान हुन सक्छन् ?*

हामी तुलनात्मकरूपमा अरु प्रदेश भन्दा भौगोलिकरूपमा विकट छौं । मानव संसाधनको बहुआयामिक विकासमा पनि हामी पछाडी छौं । प्रादेशिक नीति निर्माणमा शिद्धहस्त नेतृत्वको पनि पूर्ण विकास हुन सकेको छैन । स्थायी सरकार मानिने प्रशासनतन्त्रमा पनि कुशल र अनुभवी नेतृत्वको अभाव नै छ । यहाँको समाज तुलनात्मक रूपले रुढिवादी परम्परामा निहित र भर्खर मात्र आधुनिकता तर्फ उन्मुख भएकोहुँदा यसले पनि पछौटेपनलाई चिर्न सकेको छैन । यी तमाम फ्याक्टरका कारण हामीमा श्रृजनशीलताको मात्रा न्यूनहुनु नै हाम्रा चुनौती हुन् । यी सबै परिस्थितीबाट अगाडि बढेर, विकटता र पिछडापन समेतलाई एउटा अवसरको रूपमा उपयोग गरेमात्र हामी अगि बढ्छौं भन्ने कुरा आत्मसाथ गर्नु पर्दछ । यी सबै कुराको अनुभवका कारण यहाँका सबै राजनीतिक शक्तिहरू प्रदेश विकास र समृद्धिको मामलामा एकमत छन् । यो परिस्थिती निर्माण हुनु नै विकास र समृद्धिका लागि अनुकुलता हो । आधुनिक विकासको नाममा भएका लथालिङ्ग अवस्थाको पक्षमा हामी छैनौं । खास जनपक्षीय र आधुनिक विकासको मोडेल निर्धारण गर्न सक्ने अवस्थामा हामी छौं । यो पनि हाम्रो लागि एउटा अवसर हो । हाम्रो प्रदेशमा रहेका अथाह सम्भावनाहरू उपयोग भएका छैनन् । यिनीहरूको पहिचान गरी उपयोग गर्ने सम्भावना हामीसँग प्रयाप्त छ । हाम्रो समृद्धि र विकासका लागि यो अनुकुल अवस्था पनि हो र समाधानको उपाय पनि हो । यसैले यस अनुकूल ऐन कानून र नीति नियम बनाउन अगाडि बढ्नुपर्दछ ।

*प्रदेशसभा नियमावलीमा उल्लेखित सभामुखका अधिकार व्यापक छन् ती कार्यान्वियनमा कुनै व्यवधान महशुस गर्नु भएको छ की सहज प्रयोग भएका छन् ?*

संसदीय प्रणालीमा सभामुख सबैको साझा (तटस्थ) मानिन्छ । त्यही भएर उसँग अलि बढी नै अधिकार निहित गरिएको हुन्छ । हाम्रो प्रदेश सभा नियमावलीले पनि सभामुखलाई व्यापक अधिकारको व्यवस्था गरेको छ । अधिकार जोसँग जति व्यापक हुन्छ, सँगसँगै कर्तव्य पनि व्यापक नै हुन्छ । अधिकार र कर्तव्यलाई एक अर्कासँग अलग राखेर हेर्नुहुँदैन । अधिकारलाई कर्तव्यले र कर्तव्यलाई अधिकारले परिपूर्ण बनाउँछ । जहाँ सम्म हाम्रो सन्दर्भ छ, हामीले हाम्रो अधिकारलाई अधिकतम प्रयोग गर्दा प्रदेश सभामा सबै पक्षको सल्लाह, सहमति र परामर्शमा गर्नुपर्ने परम्परा कायम भएको हुँदा यहाँसम्म आइपुग्दा कुनै व्यवधान उत्पन्न भएको छैन । सभासँग सम्बन्धित सबै पक्षको सरोकारलाई ध्यान दिएर अगाडि बढ्दा व्यवधान आउँदैनन् भन्ने लाग्दछ । हालसम्म निर्वाधरूपमा कामकारवाही अगाडि बढिरहेका छन् ।

*समुन्नत र सुसंस्कृत प्रदेश सभा विकासको लागि कुन-कुन पक्षबाट के कस्तो अपेक्षा गर्नुहुन्छ ?*

हामी ऐतिहासिक मोडबाट गुज्रिरहेका छौं । हामी माथि इतिहासले धेरै ठुलो जिम्मेवारी सुम्पेको छ र जनताले ठूलो अपेक्षा हामीबाट गरेका छन् । यसैले हाम्रो भूमिका निर्वाहमा हामी जो जहाँ छौं र जे-जे जिम्मेवारीमा छौं, आ-आफ्नो स्थानबाट इमान्दारीपूर्वक निर्वाह गरौं, यो नै हाम्रो ऐतिहासिक योगदान हुन्छ । जहाँ सम्म प्रदेशसभालाई सुंस्कृत र विकास गर्ने कुरा छ, यससँग सम्बद्ध मूलतः सरकार, प्रतिपक्ष, संचारजगत, नागरिक समाजलगायत सर्वसाधारण सबैपक्षले आ-आफ्नो दायित्व इमान्दारिता सहित आफ्नो भूमिका निर्वाह गर्ने र सभाको मूल दायित्व प्रति सभालाई सजग, सचेत र खवरदारी गरेर राम्रा नराम्रा कामको मुल्याङ्कन गरी उचित सल्लाह सुझावको लागि आम जनसमुदायसँग अपेक्षा गरेको छु ।